**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. २३८**

**पुनरावेदन नं. ०७७-RB-०३७१**

**पुनरावेदन दर्ता मितिः२०७७।०८।१२**

**मुद्दाः– बढी भन्सार महसूल माग ।**

धनुषा जिल्ला जनकपुर उपमहानगरपालिका वडा नं.१ स्थित सुयश सप्लायर्स फर्मको तर्फबाट ऐ.फर्मको प्रोपाईटर ऐ.ऐ.बस्ने वर्ष ४५ को विनिता मुनका...................१ } पुनरावेदक

**विरुद्ध**

भन्सार जाँचपास परिक्षण कार्यालय,त्रिपुरेश्वर, काठमाण्डौ..................................१
जलेश्वर भन्सार कार्यालय, जलेश्वर, महोत्तरी..................................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- भन्सार जाँचपास परिक्षण कार्यालय,त्रिपुरेश्वर काठमाण्डौ

शुरु निर्णय गर्ने अधिकृतः- प्रमुख भन्सार परिक्षक विष्णुराज ढकाल

शुरु कार्यालयको निर्णय मितिः– २०७७/०६/२५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकको तर्फबाटः- विद्वान अधिवक्ताद्वय श्री नारायण नेपाल र श्री कृष्णप्रसाद पोखरेल

प्रत्यर्थीका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री विकास बन्जारा

**अवलम्वित नजीरः ×**

प्रस्तुत मुद्दामा भन्सार जाँचपास परिक्षण कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौले मिति २०७७/०६/२५ मा गरेको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्र यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. पैठारीकर्ता सुयश सप्लायर्स (स्थायी लेखा नं.३०५५४५९२६) ले जलेश्वर भन्सार कार्यालयको सन् २०१९।६।०१ देखि २०१९।११।३० सम्म विभिन्न प्रज्ञापन पत्रहरुबाट पैठारी गर्न ल्याएको **BMC** ब्राण्डका **JALJEERA MASALA, MOMO MASALA** र **CHOWMEIN MASALA** हरुको भन्सार जाँचपास पछिको परीक्षण गर्न छनौट भएको हुँदा उक्त पैठारीसँग सम्बन्धित आवश्यक कागजातहरु पेश गर्नु भनी कार्यालयको च.नं.२९९ मिति २०७६।०९।०४ मा गरिएको पत्राचार।

२. प्रस्तुत पैठारीकर्तालले पैठारी गरेका मालवस्तुहरुको लागि भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वरबाट भन्सार जाँचपास पछिको परीक्षणको सिलसिलामा पैठारीकर्ताबाट प्रज्ञापन पत्रसाथ पेश हुन आएका कागजात तथा प्रमाणहरुको अध्ययन छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई **BMC** ब्राण्डका **JALJEERA MASALA, MOMO MASALA** र **CHOWMEIN MASALA** लाई भन्सार उपशीर्षक २१०३९०१० बाट वर्गीकरण गर्नुपर्नेमा भन्सार उपशीर्षक ०९१०९९९० बाट वर्गीकरण गरी थप महसूल समेत रु.३४,४२,२७८।— घटी दाखिला गरेको भनी कार्यालयको प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरेको।

३. पैठारीकर्तालाई प्रारम्भिक प्रतिवेदनको लिखित सूचना मिति २०७६।१०।२३ मा मेल मार्फत पठाई सोको जवाफ निज पैठारीकर्तालले मिति २०७६।११।०६ मा पेश गरेको।

४. पैठारीकर्ताको तर्फबाट पेश हुन आएका थप प्रमाण र जिकिर वस्तुनिष्ठ नभएको र भन्सार कार्यालयले पैठारीकर्तालले दाखिला गर्नुपर्ने भन्सार महसुल रु.१५,२३,१३१।— तथा भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा (३) बमोजिम सोको शतप्रतिशत जरिवाना रु.१५,२३,१३१।—समेत जम्मा भन्सार महसुल रु.३०,४६,२६२।—र मू.अ.क.रु.१,९८,००८।—तथा सोही ऐनको दफा ३४ को उपदफा (३) बमोजिम सो को शतप्रतिशत जरिवाना रु.१,९८,००८।— समेत जम्मा मू.अ.क.रु.३,९६,०१६।— समेत कुल जम्मा रु.३४,४२,२७८।— (अक्षेरुपी चौतीस लाख बयालीस हजार दुई सय अठहत्तर रुपैयाँ मात्र) को भन्सार ऐन २०६४ को दफा ३४ बमोजिम महसुल

निर्धारण गर्ने गरी भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वर काठमाडौंबाट मिति २०७७।०६।२५ मा भएको निर्णय।

५. पुनरावेदक पैठारीकर्ताले पैठारी गरेको सामान भन्सार महसूल छुट हुने गरी सामान पैठारी नगरेको, खरिद/आयात बिल विजक बमोजिम कारोबारसंग सम्बन्धित खर्च **TT** मार्फत भुक्तानी भएको रकम समेत जोडी सामानको मूल्य घोषणा गरी तिर्नु बुझाउनु पर्ने भन्सार महसूल बुझाई रितपूर्वक सामानको जाँचपास गरेको अवस्थामा भन्सार दरबन्दीको उपशिर्षक फरक पारी मालवस्तुको मूल्य घोषणा समेत नगरेको, पैठारी गरेको **JALJEERA MASALA, MOMO MASALA** र **CHOWMEIN MASALA** वस्तु वर्गिकरण उपशिर्षक नं.०९१०९९.९० अन्तर्गतको भई १० % ले भन्सार महसूल दाखिला गरेकोमा सो मसलाहरु एकभन्दा बढी बस्तुहरु मिलेर बनेका र मिश्रित मसला भएको वस्तु वर्गीकरण उपशिर्षक नं.२१०३९०.१० बाट वर्गीकरण गरी २०% ले जम्मा भन्सार महसूल रु.३०,४६,३००।— दाखिला गर्नुपर्नेमा सो प्रक्रिया नगरेको रु.१५,२३,१३१।— घटी महसूल दाखिला गरेको भनी सोको शत प्रतिशत जरिवाना रु.१,९८,००८।— समेत जम्मा मू.अ.क.रु.३,९६,०१६।— समेत कुल जम्मा रु.३४,४२,२७८।—दाखिला गर्ने गरी विपक्षी भन्सार जाँचपास परिक्षण कार्यालयबाट मिति २०७७।०६।२५ मा भएको निर्णय बदर गरी बिजकमा उल्लिखित कारोवार मूल्यलाई कायम गरी बढी लिएको राजस्व भन्सार महसूल रु.१९,१९,१०९।- समेत फिर्ता दिलाई भराई पाउँ भन्ने समेत बेहोराको पुनरावेदक सुयश सप्लायर्सका तर्फबाट यस न्यायाधिकरणमा मिति २०७७।०८।१२ गते पेश भएको पुनरावेदन पत्र।

६. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०४।२० मा भएको आदेश।

## ठहर खण्ड

७. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक सुयश सप्लायर्सको तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्वय श्री नारायण नेपाल र श्री कृष्णप्रसाद पोखरेलले पैठारीकर्ताले पैठारी गरी ल्याएको सामानको हर्मोनाइज कोड परीक्षण समेत नगरी १०% कम भन्सार तिरेको, हर्मोनाइज्ड कोड नै फरक पारेको भनी मू.अ.कर, शत प्रतिशत जरिवाना लाग्ने गरी भन्सार जाँचपास परीक्षण कार्यालयबाट भएको निर्णय त्रुटीपूर्ण हुँदा बदर गरी बीजक अनुसार नै कारोवार मूल्यलाई कायम गरी बढी भन्सार महसूल फिर्ता हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

८. विपक्षी कार्यालयहरुको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाण्डौका विद्धान सहायक न्यायाधिवक्ता श्री विकास बन्जाराले भन्सार जाँचपास परीक्षण कार्यालयबाट माग भएका विल बीजक एवं प्रज्ञापनपत्र समेतका कागजात अध्ययन गरी पैठारीकर्ताले आयात गरेको मालवस्तु वस्तु वर्गिकरण उपशीर्षक २१०३९०.१० बाट वर्गीकरण हुने र २० प्रतिशत महसूल लाग्ने गरी भन्सार जाँचपास परीक्षण कार्यालयबाट भएको निर्णय कानून सम्मत नै रहेको हुँदा सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

९. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा घोषणा गरेको वस्तु वर्गीकरण उपशीर्षक फरक पारी कम महसूल बुझाएकोले थप महसूल निर्धारण गर्ने गरी भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको माग बमोजिम भन्सार जाँचपास परिक्षण कार्यालय त्रिपुरेश्वरको निर्णय बदर हुनुपर्ने हो, होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. निर्णय तर्फ विचार गर्दा, पैठारीकर्ता सुयश सप्लायर्सले सन् १९.६.१ देखि सन् १९.११.३० सम्म पैठारी गरेको रु.१,५२,३१,५००।- बराबरको **JALJEERA MASALA, M0:MO: MASALA** र **CHOWMEIN MASALA** लाई उपशीर्षक ०९१०९९९० बाट वर्गीकरण गरी १०% ले हुने जम्मा भन्सार महसूल रु.१५,२३,१३९।— दाखिला गरेको तथ्यमा विवाद देखिएन। पैठारीकर्ताले आयात गरेको मालवस्तुको जाँचपास पछिको परीक्षणमा छनौट भएको र भन्सार जाँचपास परीक्षण कार्यालयको टोलीबाट परीक्षण हुँदा यी मसलाहरु एकभन्दा बढी बस्तुहरु मिलेर बनेको मिश्रित मसला भएको र यस्ता प्रकारका मिश्रित मसलाहरु वस्तु वर्गीकरण उपशीर्षक २१०३९०१० बाट वर्गीकरण हुने र २० प्रतिशत महसूल लाग्ने हुँदा जम्मा महसूल ३०,४६,३००।— दाखिला गर्नुपर्ने भएको भनी त्यसरी निर्धारण गर्नु नपर्ने कारण भए १५(पन्ध्र) दिन भित्र पेश गर्न मिति २०७६।१०।२१ च.नं.५४३ बाट पैठारीकर्तालाई सफाइको सबुत पेश गर्ने मौका दिएको देखियो।उक्त सूचना सम्बन्धमा पैठारीकर्ताले मिति २०७६।११।६ मा जवाफ पेश गरेको पाइयो।

११. पैठारीकर्ताले पेश गरेको जवाफमा भन्सार दरवन्दी पुस्तिका भाग ९ को द्रष्टव्यमा स्पष्ट किटान गरिएको छ।यस भागमा नै पर्ने विभिन्न मसलाका मिश्रणहरु र त्यसमा सारभुत लक्षण मौजुद रहेको मिक्स मसला भाग ९ अन्तर्गत नै पर्ने भएको हुंदा यसै सन्दर्भमा भन्सार विभागले नै आफ्नो प्रयोगशालामा केही मसलाहरुको मिश्रणको विश्लेषण गर्दा सोही मिश्रण प्रकृति भएको मिट करी मसला, चिकन करी मसला र गरम मसला लगायतका अन्य मसलाहरु भाग ९ अन्तर्गत नै पर्ने भएको स्पष्ट किटान समेत

गरिसकेको हुनाले अन्यत्र भागबाट वर्गीकरण हुने होइन भन्ने समेत जवाफ दिएको देखिन्छ।

१२. पैठारीकर्ताले दावी गरेको र जलेश्वर भन्सार कार्यालयले पैठारीकर्ताको मालवस्तुको महसूल निर्धारण गरेको वस्तु वर्गीकरणको ०९.१०. शीर्षकमा अदुवा, केशर, हलेदो (बेसार), तेजपात, पुदिना, तरकारीको करी र अन्य मसला रहेको पाइन्छ सोको उपशीर्षक ०९१०.९९.९० मा मालवस्तुको विवरणमा अन्य उल्लेख भइ सोको महसूल दर १० प्रतिशत तोकिएको देखिन्छ भने विपक्षी भन्सार जाँचपास परीक्षण कार्यालयको निर्णयमा उल्लेख भएको शीर्षक २१.०३ मा मालवस्तुको विवरण सस र ससको लागि चाहिने परिकार मिश्रित मसला र मिश्रित मर्म मसला, सर्स्यूको पिठो,मैदा र तयारी सर्स्यू (मष्टार्ड) उल्लेख भई उपशीर्षक २१०३९०१० मा मिश्रित मसला र मिश्रित मर्म मसला उल्लेख भई सोको महसूल २० प्रतिशत तोकिएको देखियो।

१३. भन्सार विभागले मिति २०७५।३।१५ च.नं.११८१ बाट गरेको चना मसला समेतका मालवस्तुहरुको वर्गीकरण सम्बन्धी परिपत्रको खण्ड (क) मा **Panipuri Masala, chunky chat Masala, Sambhar Masala** लाई भन्सार उपशीर्षक २१०३.९०. बाट वर्गीकरण गर्न र अन्य १४ प्रकारका मसलाहरुलाई उपशीर्षक ०९१०.९०.००बाट वर्गीकरण गर्ने गरी तोकिएको भनी उल्लेख भएतापनि पैठारीकर्ताले आयात गरेका मसला उक्त परिपत्रमा उल्लेख भएको नदेखिँदा प्रयोगशाला परीक्षणबाट भन्सार विभागले भाग ९ बाटै वर्गीकरण गर्ने गरी तय गरिसकेको भनी पुनरावेदन पत्रमा लिएको जिकिरसंग सहमत हुन सकिएन।

१४. मिश्रित मसला र मिश्रित मर्म मसला भन्सार उपशीर्षक २१०३९०१० मा स्पष्ट वर्गीकरण गरिएको ,त्यसको लागि २० प्रतिशत भन्सार महसुल निर्धारण गरिएको र यिनै पैठारीकर्ताले प्र.द.नं.३२१६ मा पैठारी गरेको **BMC JALJEERA MASALA** लाई निजले आफैले भन्सार उपशीर्षक २१०३९०१० बाट वर्गीकरण गरी २० प्रतिशत भन्सार महसूल दाखिला गरेको ठोस आधार ग्रहण गरी भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वरबाट मिति २०७७।६।२५ मा निर्णय गरेको र उक्त निर्णय गैरकानूनी रहेको भनी पैठारीकर्ताले पुनरावेदन पत्रमा ठोस आधार पेश गरी पुष्टी गर्न नसकेको स्थितिमा शुरु निर्णय मनासिवै देखिँदा परिवर्तन गर्नुपर्ने देखिएन।

१५. तसर्थ माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट पैठारीकर्ता सुयश सप्लायर्स (स्थायी लेखा नं.३०५५४५९२६) ले सन् २०१९।६।१ देखि सन् २०१९।११।३० सम्म विभिन्न प्रज्ञापन पत्रहरुबाट पैठारी गरेको मालवस्तुको भन्सार ऐन,२०६४ को दफा ३४(३) बमोजिम थप महसूल निर्धारण गर्ने गरी भन्सार जाँचपास परीक्षण कार्यालयका प्रमुख भन्सार परीक्षण प्रशासकबाट मिति

२०७७।६।२५ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ। पैठारीकर्ताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।
२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतिय प्रति सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वरमा लेखि पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमत छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः- सनिता लामा
नायब सुब्बाः- मनिषा अधिकारी
फैसला मितिः-२०७९।१२।२।५
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाण्डौ, मुकाम ललितपुरको छाप